# स्थानीय राजपत्र

## लेकवेशी नगरपालिकाद्वारा प्रकाशित

*खण्ड:९) लेकवेशी नगरपालिका, कल्याण, सुर्खेत, भाद्र २४ गते, २०८२ साल संख्या: ३*


## भाग - २

### लेकवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

### सूचना

नेपालको संविधान बमोजिम लेकवेशी नगरपालिकाको नगर कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## कृषकसँग नगर प्रमुख कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२/०५/१८

प्रमाणिकरण मितिः २०८२/०५/२४

# "कृषकसँग नगरप्रमुख कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२"

**प्रस्तावनाः**

लेकवेशी नगरपालिका अन्तर्गत कृषि क्षेत्रमा युवाहरुलाई आकर्षित गरी कृषि व्यवसायलाई प्रतिस्पर्धी बनाई कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायीकरणबाट आय आर्जन बढाउनको लागि नगर भित्रका उद्यमी कृषक, कृषक समूह, तथा कृषि सहकारी संस्थाहरूको सहकार्यमा स्थानीय तह स्तरमै प्रभावकारी कृषि कार्यक्रम सञ्चालन गर्न वान्छनीय भएकोले "लेकवेशी नगरपालिकाको कृषि तथा पशुपन्छी विकास ऐन, २०७६" ले दिएको अधिकार प्रयोग गरि नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम **"कृषकसँग नगरप्रमुख कृषि कार्यक्रम सञ्चालन कार्यविधि २०८२"** रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यक्रम" भन्नाले लेकवेशी नगरपालिका अन्तरगत सञ्चालित कृषकसँग नगरप्रमुख कृषि कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ख) "कार्यक्रम निर्देशक समिति" भन्नाले दफा ४ बमोजिम समितिलाई सम्झनु पर्दछ ।

(ग) "कृषि" भन्नाले अनुसूची-१ मा उल्लेख भए बमोजिमका बिषयसँग सम्बन्धित कृषिलाई सम्झनु पर्छ र सो शव्दले व्यावसायिक कृषिबाली र पशुजन्य उत्पादन लाई समेत जनाउँछ ।

(घ) "कृषि व्यवसाय" भन्नाले देहायको व्यवसाय तथा बजारीकरण सम्बन्धी कार्यलाई सम्झनु पर्दछ ।

(१) व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा बस्तुको उत्पादन ,२) कृषिजन्य वस्तुको प्रशोधन, ३) कृषि उपजको व्यापार, ४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण, ५) कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण, ६) कृषिमा प्रयोग हुने जैविक विषादी एवं विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय ।

(ङ) "कृषक उद्यमी वा उद्यमी" भन्नाले लेकवेशी नगरपालिकाको स्थायी बासिन्दा भई लेकवेशी नगरपालिका क्षेत्रमा कृषि उत्पादनमा संलग्न भएको, कार्यक्रम सञ्चालन गर्न चाहने कृषकलाई सम्झिनु पर्दछ ।

(ङ) "लाभग्राही" भन्नाले कृषकसँग नगरप्रमुख कृषि कार्यक्रममा छनौट भई अनुदान प्राप्त गर्ने उद्यमी कृषक, कृषक समूह तथा कृषि सहकारी संस्थाहरू सम्झिनु पर्दछ ।

(च) "समूह" भन्नाले लेकवेशी नगरपालिकामा दर्ता भएको कम्तिमा १५ जना कृषकको समूहलाई सम्झिनु पर्दछ ।

(छ) "स्थानीय तह" भन्नाले लेकवेशी नगरपालिकालाई सम्झिनु पर्दछ ।

## परिच्छेद - २

## कार्यक्रमको कार्यक्षेत्र तथा व्यवसाय छनौट

३. **कृषकसँग नगरप्रमुख कृषि कार्यक्रम छनौट मापदण्डः** कृषकसँग नगरप्रमुख कृषि कार्यक्रम अन्तरगत कार्यक्रम छनौट गर्दा देहाय बमोजिमको मापदण्ड अवलम्बन गर्नु पर्नेछ ।

(१) नगरपालिका तथा अन्य निकायबाट सोहि प्रकृतिको अनुदान प्राप्त नगरेको उद्यमी कृषक, कृषक समूह, वा कृषि सहकारी हुनुपर्नेछ ।

(२) कृषि कार्यक्रम सञ्चालन गर्न सम्भावित लाभग्राहीले अनुसूची-२ बमोजिम आवश्यक जग्गाको मापदण्ड प्रमाणित हुने कागजात र नागरिकताको

प्रतिलिपी, व्यवसाय, फर्म दर्ता नविकरण सुचिकृत सम्बन्धित कागजात र कर तिरेको रसिद हुनुपर्नेछ । (३) वडा कार्यालयको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

(४) रित पुगेको निवेदन सहित अनुसूची-३ बमोजिमको निवेदन प्रस्तावनापत्र पेश गर्नु पर्नेछ ।

(५) व्यवसायीक रुपमा कृषि व्यवसाय शुरुवात गरेको समूहलाई बढी प्रथामिकता दिइनेछ ।

(६) कार्यक्रम सञ्चालन गर्न महिला, दलित, सामाजिक रुपमा पिछडिएका तथा विपन्न युवावर्गको हितलाई विशेष प्राथमिकता दिईनेछ ।

(७) छनौट भएका कार्यक्रमहरु कम्तीमा एक आर्थिक वर्षसम्ममा सञ्चालन गर्नु पर्नेछ ।

(८) कार्यक्रम संचालनको लागि लेकवेशी नगरपालिकामा यसै प्रयोजनको लागि समूह वा सहकारी वा कृषि व्यवसायको हकमा सुचिकृत भएको हुनु पर्नेछ।

४. **कार्यक्रम निर्देशक समिति** : (१) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि लेकवेशी नगरपालिकामा रहेको देहाय बमोजिमको नगर कृषि तथा पशुपन्छी विकास समितिले निर्देशक समिति को काम गर्नेछ ।

(क) नगर प्रमुख — संयोजक
(ख) नगर उपप्रमुख — सदस्य
(ग) प्रमुख प्रशासकिय अधिकृत — सदस्य
(घ) आर्थिक विकास समिति संयोजक — सदस्य
(ङ) कृषक प्रतिनिधि — सदस्य (महिला)
(च) व्यवसायीक कृषक प्रतिनिधी — सदस्य
(छ) पशुपन्छी विकास शाखा प्रमुख — सदस्य
(ज) कृषि विकास शाखा प्रमुख — सदस्य सचिव

(२) उपदफा (१) बमोजिम समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम सञ्चालन गर्नको लागि निवेदनहरुको प्रस्ताव मूल्याङ्कन गरी सर्बोत्कृष्ट उद्यमी कृषक, कृषक समूह, तथा कृषि सहकारी संस्थाहरूलाई कार्यक्रमको लागि छनौट गर्ने ।

(ख) सञ्चालित कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन मुल्याङ्कन गर्ने वा गराउने।

(ग) सम्बन्धित शाखाबाट प्राप्त प्रतिवेदन अध्ययन गरी सञ्चालित कार्यक्रमको प्रगति समिक्षा गर्ने र आबस्यक निर्देशन दिने ।

(घ) उत्कृष्ट कार्य सम्पादन गर्ने उद्यमी कृषक, कृषक समूह, तथा कृषि सहकारी संस्थाहरूलाई लाई पुरस्कृत गर्ने ।

(ङ) तोकिएको प्रगति लक्ष्य सुचकाङ्क नपुऱ्याउने लाभग्राहीको कृषि कार्यक्रम रद्ध गर्न निर्देशन दिने ।

(च) सञ्चालित कार्यक्रमको सम्बन्धमा प्राप्त भएका गुनासो व्यवस्थापन गर्ने ।

(३) उपदफा (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले मिति, समय, र स्थान तोकी बोलाउनु पर्नेछ ।

(ख) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपूरक संख्या पुगेको मानिनेछ।

(ग) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(घ) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ वा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ङ) समितिको बैठक सम्बन्धी भत्ता र अन्य व्यवस्था "लेकवेशी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका,२०८२" ले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **कार्यक्रम सञ्चालन प्रस्ताव आवेदन, लागत अनुमान तथा सम्झौता :** (१) सम्भावित लाभग्राहीलाई लागत अनुमानसहितको अनुसूची-३ बमोजिमको प्रस्ताव पेश गर्न नगरपालिकाले १५ (पन्ध्र) दिनको अवधि तोकी सूचना जारी गर्नेछ।

(२) उपदफ (१) बमोजिम पर्न अएका प्रस्ताव निवेदनहरुको अनुसूची— ४ बमोजिम प्रस्ताव मूल्याङ्कन गरी सर्बोत्कृष्ट उद्यमी कृषक, कृषक समूह, तथा कृषि सहकारी संस्थाहरूलाई कार्यक्रमको लागि छनौट गर्ने ।

(३) लागत अनुमान सहितको प्रस्तावना पेश गर्ने सम्भावित लाभग्राहीलाई दफा ४ बमोजिमको समितिले छनौट गरिसकेपछि आवश्यक कागजात सहित सम्झौता गर्न आउन नगरपालिकाले ७ दिनको अवधि तोकी सूचना जारी गर्नेछ ।

(४) उपदफा (२) बमोजिम तोकिएको म्याद भित्र आएका लाभग्रासँग अनुसुचि -५ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(५) सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात सम्बन्धित लाभग्राहीलाई प्रचलित कानून अनुसार रकम भुक्तानी गरिनेछ ।

(६) तोकिएको अवधिभित्र आवेदन नदिने वा सम्झौता गर्न नआउने लाभग्राहीको हकमा, उक्त अवसर स्वतः रद्द हुनेछ र सो स्थानमा वैकल्पिक लाभग्राही चयन गर्न समिति स्वतन्त्र हुनेछ।

## परिच्छेद - ३
## कार्यक्रममा सञ्चालन गरिने क्रियाकलापहरु

६. **क्षमता विकास कार्यक्रम :** (१) नगरपालिकाले कार्यक्रम क्षेत्र भित्रका कृषक, कृषक समुह, कृषि सहकारी संस्था, कृषि उद्यमि लगायत अन्य सरोकावालाको उपस्थितीमा कार्यक्रम सञ्चालन सम्बन्धमा गोष्ठी, तालिम, र अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नेछ । (२) नगरपालिकाले प्रत्येक कार्यक्रमसँग सम्बन्धित बाली, वस्तु उत्पादन प्रविधि, बाली संरक्षण, बजारिकरण, मूल्य श्रृंखला विकास लगायत विविध पक्षहरुको परामर्श सेवा प्रदान गर्नेछ ।

७. **अनुदान रकमको परिचालन :** (१) अनुदानको रुपमा प्रदान गरिने रकम प्रत्येक लाभग्राहीहरुको आवेदनमा पेश गरिएको लागतको ५०% वा रु एक लाख मध्ये जुन घटी हुन जान्छ सोही रकम मात्र सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात उपलब्ध गराइने छ । (२) कार्यक्रम सञ्चालनका लागि अनुदान रकमः

क) चालु प्रकृतिका गतिविधि; बीउ तथा बिरुवा खरिद, क्षेत्रफल विस्तार कार्यक्रम (तोकिएको बाली वा वस्तुको उत्पादन विस्तार), अन्य उत्पादन सामाग्री खरिद, उत्पादनदेखि भण्डारणसम्म आवश्यक पर्ने भौतिक सुविधा (प्याकेजिङ, प्रशोधनका साना उपकरण, सामाग्री) खरिद र सञ्चालन, (ख) पूँजीगत प्रकृतिका गतिविधि; तोकिएको बाली वा वस्तुको उत्पादन, प्रशोधन तथा भण्डारणका लागि आवश्यक भौतिक संरचना टनेल, सिंचाई पोखरी, मेसिनरी, औजार तथा उपकरण खरिद, साना सिँचाइ संरचना निर्माण तथा मर्मत—सम्भार, भण्डारण, प्रशोधन वा सिँचाइ प्रयोजनका स्थायी संरचना निर्माण तथा सुधार उपलब्ध गराइने छ ।

## परिच्छेद—४

## अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

८. **कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन व्यवस्था :** (१) कार्यक्रमको अनुगमन गर्ने मुख्य जिम्मेवारी नगरस्तरीय अनुगमन समितिको हुनेछ । (२) सञ्चालित कार्यक्रम निर्देशक समितिले जुनसुकै बेलामा अनुगमन, निरीक्षण तथा निर्देशन गर्न सक्नेछ । (३) उपदफा (१) र (२) बमोजिम अनुगमन तथा निरीक्षण गरेको प्रतिवेदन लेकवेशी नगरपालिकामा बुझाउनु पर्नेछ । (४) कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरिय काम नभएको लगायत अन्य विषयमा अनुगमन गर्ने काम नगरस्तरीय अनुगमन समितिले गर्नेछ । (५) यस कार्यक्रमसंग सम्बन्धित उजुरी वा गुनासो प्राप्त भएमा दफा ४ बमोजिमको समितिले जाँचबुझ गर्नु पर्नेछ । समितिले आवश्यक परेमा सम्बन्धित विशेषज्ञ सहितको टोली गठन गरी जाँचबुझ गराउन सक्नेछ ।

९. **कार्यक्रमको प्राविधिक मूल्याङ्कन जाँचपास र फरफारक :** (१ ) यस कार्यविधि बमोजिम सम्झौता अनुसारको कार्यसम्पन्न भएपछि आवश्यक बिल भरपाई लगायत आवश्यक विवरण कागजात सहित कृषि विकास शाखा समक्ष अन्तिम अनुगमन र भुक्तानीका लागि निवेदन पेश गर्नुपर्नेछ । (२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कृषि विकास शाखाले सम्बन्धित विषयका प्राविधिकहरुको सहयोग लिई लागत इष्टिमेट बमोजिम कार्य भए/नभएको प्राविधिकबाट मुल्याङ्कन गरी

अनुसुची-६ बमोजिमको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ । (३) उपदफा (२) बमोजिमको प्राविधिक टोलीले दफा ८ बमोजिम अनुगमन तथा निरिक्षणबाट औंल्याएको विषय कार्यन्वयन भए नभएको व्यहोरा समेत कार्य सम्पन्न प्रतिवेदनमा खुलाउनु पर्नेछ । (४) उपदफा (२) बमोजिम खटिएको प्राविधिक टोलीले पेश गरेको कार्यसम्पन्नको प्रतिवेदन, बिल भर्पाइ र कृषि शाखाले गरेको सिफारिसको आधारमा प्रचलित कानून बमोजिम आर्थिक प्रशासन शाखाले लाभग्राही वा लाभग्राहीले तोकेको उद्यमीको बैंक खाता मार्फत अनुदान रकम भुक्तानी गर्नु पर्नेछ ।

## परिच्छेद—५

## विविध

१०. **प्रगति प्रतिबेदन :** (१) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको विवरण सहितको चौमासिक प्रतिबेदन लाभग्राहीले नगरपालिकालाई पठाउनु पर्नेछ ।

११. **कार्यक्रम रद्ध गर्न सकिने :** (१) कृषकसँग नगरप्रमुख कृषि कार्यक्रम आर्थिक वर्ष अन्त भएपछि रद्ध गर्न सकिनेछ । (२) अनुसुची -२ बमोजिमको मापदण्ड र प्रगति मुल्याङ्कन सुचकाङ्कका आधारमा कम्तीमा ५० प्रतिशत लक्ष्य प्राप्त गर्न नसक्ने कार्यक्रम दफा ४ बमोजिमको समितिले निर्णय गरी रद्ध गर्न सक्नेछ ।

१२. **पूर्वाधार तथा उपकरणहरु जफत गर्न सकिने :** अनुदान प्राप्त रकमबाट निर्माण भएको वा खरिद भएको उपकरणहरु निस्क्रिय राखेमा, गैर कृषि कार्यमा प्रयोग गरेको पाइएमा वा नगरपालिकाको निर्देशन अनुसार कार्यक्रमको उद्देश्य प्राप्तिको लागि प्रयोग नगरेमा नगरपालिकाले सो पूर्वाधार तथा उपकरणहरु जफत गरी कार्यक्रम क्षेत्रका अन्य कृषक समुह वा सहकारी संस्था वा उपभोक्ता समुह वा कृषक उद्यमीलाई प्रदान गर्न सकिनेछ ।

१३. **निर्देशन दिन सक्ने :** यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको कार्यन्वयनलाई पारदर्शी, जवाफदेही, ब्यवस्थित र प्रभावकारी बनाउन कृषि विकास शाखालाई समितिले निर्देशन दिन सक्नेछ ।

१४. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएको विषयहरुमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **बाधा अड्काउ फुकाउने र संशोधन :** (१) यस कार्यविधिको कार्यन्वयनमा कुनै दुविधा उत्पत्ति भई कार्यन्वयन गर्न बाधा परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) कार्यपालिकाले प्रचलित कानूनको प्रतिकुल नहुने गरी यस कार्यविधिमा आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ

## अनुसुची - १
## (दफा २ को खण्ड (ग) सँग सम्बन्धित)

(१) खाद्यान्न बाली

(२) वागवानी जन्यः फलफुल, तरकारी, मसलाबाली, पूष्प

(३) पशु, पन्छी

(४) माछा, मासु, दुध, अण्डा, हाड, छाला

(५) च्याउ

(६) मौरी, रेशम

(७) चिया, कफी, टिमुर अलैची, घाँसेवाली

(८) तेलहन, दलहन

(९) कपास, उखु

(१०) कृषि पर्यटन

(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग

(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तुहरु ।

## अनुसुची - २

## (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

कृषकसँग नगर प्रमुख कृषि कार्यक्रमको जग्गा र अन्य मापदण्डहरु

| क्र.स. | बाली | आवश्यक न्यूनतम क्षेत्रफल/संख्या |
|---|---|---|
| १ | खाद्यान्न बाली | ४ रोपनी |
| २ | तरकारी बाली | १ रोपनी (टनेलको हकमा कम्तिमा १) |
| ३ | फलफूल बाली | ५ रोपनी |
| ४ | च्याउ | १०० के.जी. (कम्तिमा २५ डल्ला) |
| ५ | तेलहन/दलहन बाली | २ रोपनी |
| ६ | मौरीपालन | १० घार |
| ७ | घाँसबाली | ३ रोपनी |
| ८ | माछा | २ रोपनी |
| ९ | दुध | माउ भैसी -५ र माउ गाई- ५ |
| १० | मासु | बाखा ३० |
| ११ | पुष्प खेती | १ रोपनी |

## अनुसुची - ३
## (दफा ३ उपदफा (४) सँग सम्बन्धीत)
## कृषकसँग नगरप्रमुख कृषि कार्यक्रमको प्रस्तावको ढाँचा

मिति: ....................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
लेकवेशी नगरपालिका,
कल्याण सुर्खेत ।

**बिषय:** कृषकसँग नगरप्रमुख कृषि कार्यक्रममा सहभागि गराईदिने सम्बन्धमा।

म/हामीलाई खाद्यान्न बाली, तरकारी र फलफूल उत्पादन कार्यमा उपयोग गर्नका लागि "कृषकसँग नगरप्रमुख कृषि कार्यक्रम सञ्चालन कार्यविधि २०८२" अनुसार मिति................................. मा यस लेकवेशी नगरपालिकाको वेबसाईट/सूचनापाटी/वडा कार्यालयमा टाँस गरिएको सूचनाको आधारमा कार्यक्रमको प्रस्ताव फारम भरी कार्यक्रममा सहभागि गराई पाउनका लागि यो निवेदन पेश गरेको छु/छौ ।

**संलग्न कागजात:**

-

-

-

| क. कार्यक्रमको सामान्य परिचय : | |
|---|---|
| लाभग्राहिको नामः<br>(उद्यमी कृषक, कृषक समूह, वा कृषि सहकारी) | ठेगाना : |
| सम्पर्क व्यक्तिको नाम | फोन नं. |
| आवेदकको परिचय | |
| अनुभव तथा सञ्चालन गरिरहेका क्रियाकलापहरु | -<br>- |

| | |
|---|---|
| | -<br>-<br>- |
| यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने प्रस्तावित क्रियाकलापहरु | -<br>-<br>-<br>-<br>- |
| कार्यक्रमको जम्मा लागत रु. | अनुदान माग गरेको रकम रु. |
| कार्यक्रम सञ्चालन गरिने स्थल टोल सहित<br>जिल्ला **सुर्खेत** न.पा. **लेकवेशी** न.पा. | वडा नं<br>टोल |

ख) कार्यक्रमबाट लाभान्वितहरुको विवरण

| लाभान्वितहरु किसिम | संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | पुरुष | महिला | दलित | आ.जनजाति | भूमिहिन | अन्य |
| कृषक | | | | | | | |
| व्यापारी | | | | | | | |

ग) कार्यक्रम सञ्चालन पश्चात प्राप्त हुने प्रतिफलहरु

१.
२.
३.
४.
५.

घ) लागत साझेदारी

| सि.नं. | क्रियाकलापको नाम | इकाई | परिमाण | जम्मा लागत | आफ्नो लगानी | अनुदान |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**निवेदक**

दस्तखत:

निवेदकको नाम:

फोन न :

संस्था/समूह/फर्मको नाम:

पद:

संस्थाको छाप:

# अनुसुची - ४
## (दफा ४ उपदफा (३) सँग सम्बन्धित)
## प्रस्ताव मुल्याङ्कन फारम

| क्र. सं. | द. नं . | आवेदकको नाम र ठेगाना | मुल्याङ्कन (१०० पूर्णाङ्कमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (२०)** | **पेश गरेको कार्ययोजना (४५)** | **उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयुक्तता (२०)** | **वास्तविक लक्षित वर्ग (१५)** | **कुल प्राप्ताङ्क** | **कै.** |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसुची - ५
## (दफा ५ उपदफा (४) सँग सम्बन्धित)
# लागत साझेदारी तथा सम्झौता पत्रको ढाँचा

लेकवेशी नगर कार्यपालिकाको कार्यालय, लेकवेशी, सुर्खेत र लेकवेशी नगरपालिका वडा नं. ..... बस्ने श्री ................................. बिच कृषकसंग नगरप्रमुखसंग कृषि कार्यक्रम अन्तर्गत .......................योजना सञ्चालनका लागि भएको सम्झौता पत्र

लेकवेशी नगर कार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र लेकवेशी नगरपालिका वडा नं. .... बस्ने श्री .......................... (यसपछि दोस्रो पक्ष भनिने) बीच आ.ब. ..................को कृषकसंग नगर प्रमुखसँग कृषि कार्यक्रम अन्तर्गत .........................कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउने प्रयोजनको लागि तपसिलका शर्तनामाहरु तथा लागत साझेदारीको अधिनमा रहने गरी द्धिपक्षीय सम्झौता गरी एक एक प्रति लियौं दियौं ।

<u>**शर्तनामाहरुः**</u>

१. यो सम्झौता सम्झौता—पत्रमा हस्ताक्षर गरेको मिति देखि प्रारम्भ भएको मानिने छ ।
२. दोश्रो पक्षले सम्झौतामा हस्ताक्षर भए पछि तत्काल काम शुरु गर्नु पर्नेछ ।
३. दोस्रो पक्षले यस परियोजना सञ्चालनका लागि सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको ५० प्रतिशत नगद सहभागिताको सुनिश्चित गर्नु पर्नेछ ।
४. दोस्रो पक्षले सञ्चालन गर्ने सम्पुर्ण क्रियाकलाप प्रथम पक्षको प्राविधिक रेखदेख र निर्देशन बमोजिम गर्नु पर्नेछ ।
५. यस कार्यक्रमको निमार्ण/मेसिनरी उपकरण खरिद कार्य सम्झौता पत्रमा तोकिएको समय अवधि भित्र सम्पन्न गर्नुपर्छ ।
६. यस सम्झौता बमोजिमको खर्च रकमको बिल भरपाई सहितको काम सम्पन्न प्रतिवेदन दोस्रो पक्षबाट प्राप्त भए पश्चात प्रथम पक्षले दोस्रो पक्षलाई जम्मा अनुदान रकम रु. .............. अक्षेरुपी रु. ............................मात्र मा नबढ्ने गरी प्रदान गर्नेछ ।

७. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य मिति ..................भित्र अनिवार्य रुपले सम्पन्न गरी भुक्तानीका लागि आवश्यक कागजात प्रथम पक्ष समक्ष पेश गर्नेछ ।

८. दोस्रो पक्षले कार्यक्रम अन्तर्गत सञ्चालन भएको क्रियाकलापहरुको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिकबाट तयार गरी/गराई प्रत्यक्ष लाभान्वित कृषकहरुको बैठकबाट अनुमोदन गराए पश्चात मात्र सम्झौता बमोजिमको अनुदान रकम भुक्तानी दिइनेछ । यसरी भुक्तानी पाउन दोस्रो पक्षले अनिवार्य रुपमा तोकिएको लागत साझेदारी प्रतिशत सहितको काम सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ ।

९. दोस्रो पक्षले अनिवार्य रुपमा कार्यक्रमको समाजिक परीक्षण गराउनु पर्नेछ ।

१०. कार्यक्रम सम्बन्धी दोश्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा लेकवेशी नगरपालिकाको निणर्य अन्तिम हुनेछ ।

११. दोश्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

१२. दोश्रो पक्षले कार्यक्रमको निर्माण कार्य शुरु गर्नु भन्दा पूर्व, निर्माण कार्य सञ्चालन हुदै गरेको र सम्पन्न भइसके पछिको फोटोहरु अन्तिम भुक्तानीको लागि पेश गरिने बिल भर्पाइका साथमा अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

१३. कार्यक्रम सम्पन्न भई हस्तान्तरण भई सकेपछि सोको मेसिनरी लगाएतका सामाग्री मर्मत सम्भार सम्बन्धी कार्य दोश्रो पक्ष आफैले गर्नु पर्नेछ ।

१४. कार्यक्रमको लागत साझेदारी तथा इष्टिमेट

| क.स. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा रकम रु. | कार्यलयको अनुदान रु | आवेदकको स्वलगानी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा रु | | | | | | | | |

१५. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा कार्यक्रम सम्बन्धी पुर्ण जानकारी झल्किने सूचना बोर्ड राख्नु पर्नेछ ।

१६. प्रथम पक्षले जुनसुकै बेलामा पनि कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ। सो क्रममा प्रथम पक्षले माग गरेको जानकारी दोस्रो पक्षले अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१७. लेकवेशी नगरपालिकाबाट निरीक्षणमा जाने प्राविधिकलाई निरीक्षण तथा अनुगमनमा दोश्रो पक्षले अनिवार्य रुपमा आवश्यक सहयोग गर्नुपर्नेछ।

१८. दोस्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन ।

१९. यस सम्झौतामा रहेकका सर्तहरु यसै बमोजिम र नपरेका कुराहरु प्रचलित नियम तथा कानून बमोजिम हुनेछन् ।

| <u>**प्रथम पक्षको तर्फबाटः**</u> | <u>**दोस्रो पक्षको तर्फबाटः**</u> |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| | ठेगानाः |
| मितिः | मितिः |
| कार्यालयको छाप | समूहको छाप |

## अनुसुची - ६

## (दफा ९ उपदफा (२) सँग सम्बन्धित)

## कार्यसम्पन्न प्रतिबेदनको ढाँचा

| | |
|---|---|
| योजनाको नामः | खुद बढी भएको रकम रु. |
| स्थानः | खुद घटी भएको रकम रु. |
| सम्झौता मितिः | घटी बढी हुनुको कारणः |
| कार्य सम्पन्न भएको मितिः | कार्य सम्पन्न हुनुपर्ने मितिः |
| इष्टिमेट अनुसारको रकमः | कृषक/संस्थाको नामः |
| खुद कार्य भएबमोजिम को रकमः | सम्पर्क ब्यक्ति/अध्यक्षको नामः |

| क्र. सं. | कार्यको विवरण | इकाई | लागत इष्टिमेट अनुसार | | | खुद काम भएको (स्थलगत अनुगमन अनुसार) | | | फरक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | रकम | परिमाण | दर | रकम | परिमाण | दर | रकम | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |
| कार्यालय अनुदान | | | | | | | | | | | | |
| स्वलगानी % | | | | | | | | | | | | |

तयार गर्ने सिफारिस गर्ने प्रमाणित गर्ने

**आज्ञाले**

**महेन्द्र कुमार शर्मा**

**प्रमुख प्रशासकीय अधिकृत**